"स्वच्छ सुन्दर र समुन्नत शहर, सलाहीको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## २ नं. प्रदेश, नेपाल

प.सं. :- २०७४/०७५
च.नं. :-

मिति :- २०७५/०१/२१

**निजी विद्यालय संचालकहरूको लागी लालबन्दी नगरपालिकाको अत्यनत जरूरी सूचना।**

यस लालबन्दी नगरपालिका अन्तर्गत संचालनमा रहेका निजी विद्यालय (बोर्डिङ्ग स्कुल) हरूले परिवर्तित अवस्थामा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्बन्धित नगरपालिकाबाट अनुमती लिएर मात्र विद्यालय संचालन गर्न पाउने स्पष्ट व्यवस्था भएकोमा कतिपय निजि विद्यालयहरूले विना अनुमति स्कुल संचालन गरेको तथा अनुमती प्राप्त विद्यालयहरूले समेत आफुले प्राप्त गरेको अनुमती भन्दा माथिल्लो कक्षा संचालन गर्दै आईरहेको जन गुनासो प्राप्त भएको हुँदा यस किसिमबाट पठन पाठन हुँदा अभिभावकको लगानी एवं बालबालिकाको भविष्य समेतमा गम्भिर आघात पुग्ने भएको हुँदा यस प्रति नगरपालिकाको ध्यानाकर्षण भएको छ । यसरी लालबन्दी नगरपालिका भित्र संचालनमा रहेका निजी विद्यालयहरूले आफुले प्राप्त गरेको अनुमती भन्दा माथिल्लो कक्षा संचालन नगर्न नगराउन तथा संचालित सम्पुर्ण निजी विद्यालयहरूले आफुले प्राप्त गरेको अनुमती पत्र लगाएतका आवश्यक कागजात मिति २०७५/०१/२७ सम्ममा नगर कार्यपालिकाको कार्यालयमा पेश गरी सूचिकृत गर्नु हुन समेत जानकारी गराईन्छ । सूचनाको बर्खिलाप हुने गरी विद्यालय संचालन गरेको पाईएमा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम आवश्यक कार्वाही भै जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

मान बहादुर खड्का
नगर प्रमुख